नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०१।०४**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०१।०४ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला पर्सा, साविक बगही गाउँविकास समिति वडा नम्बर ९, हाल बीरगञ्ज महानगरपालिका वडा नम्बर २८ ठेगाना भएका, रामेश्वर पण्डित भनिने रामेश्वर तिवारी ।
- पाँचखाल नगरपालिका वडा नं ४ काभ्रेपलाञ्चोक स्थायी ठेगाना भएका ना. ७ ख १६७ नम्बरको ट्रकका धनी तथा चालक, वर्ष ३१ का श्यामवहादुर श्रेष्ठ ।
- विरगञ्ज महानगरपालिका वडा नम्बर २ स्थायी ठेगाना भएका, विष्णु एण्ड विकेश सप्लायर्स (स्थायी लेखा नम्बर ६०८५१४६४२) का कारोबार हेर्ने व्यक्ति तथा रमाशंकर गुप्ताको काठमाण्डौको कारोवार हेर्ने कर्मचारी, वर्ष ४२ का मनोज साह कलवार ।
- गुल्मी वाग्ला ७ स्थायी ठेगाना भएका विष्णु एण्ड विकेश सप्लायर्स (स्थायी लेखा नम्बर ६०८५१४६४२) का प्रोप्राइटर वर्ष ४२ का विष्णु प्रसाद घिमिरे ।

२. **कसुरको संक्षिप्त विवरणः** उक्त फर्मले राजस्व चुहावट गर्ने मनसायले भन्सार चोरी पैठारी गरी भारतीय कपडा लगायतका मालवस्तुहरू काठमाण्डौं ल्याई विना विल बिजक विक्री वितरण गरी राजस्व चुहावट गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क) (ख) र (ग) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ९,९६,८८,७०३।-, आयकर तर्फ रु. ८,२७,४५,८२७।- र अन्य रु. २,७८,०३,८४२।-** समेत जम्मा हुन आउने कुल विगो रु. **२१,०२,३८,३७३।- (अक्षरेपी एक्काइस करोड दुई लाख अठतिस हजार तीन सय त्रिहत्तर रुपैया मात्र)** लाई विगो कायम गरी उक्त कायम बिगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३(१)(ख) बमोजिम हदै सम्मको कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | जरिवाना | विगो तथा जरिवाना |
|---|---|---|---|---|
| १ | (क) रामेश्वर पण्डित भनिने रामेश्वर तिवारी<br>(ख) श्यामवहादुर श्रेष्ठ<br>(ग) मनोज साह कलवार<br>(घ) विष्णु प्रसाद घिमिरे | १,१०,४७,७१५।- | १,१०,४७,७१५।- | २,२०,९५,४३०।- |
| २ | (क) रामेश्वर पण्डित भनिने रामेश्वर तिवारी<br>(ख) मनोज साह कलवार<br>(ग) विष्णु प्रसाद घिमिरे | १९,९१,९०,६५८।- | १९,९१,९०,६५८।- | ३९,८३,८१,३१६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**